आज मिति २०८१/११/२० गते मंगलबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८१/०८२ को सातौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी..........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी..........................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ..........................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु..........................................................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई..........................................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती..........................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........................................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........................................................................

१६. **सदस्य-सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........................................................................

१७. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान..........................................................................

१८. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन..........................................................................

१९. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी..........................................................................

**<u>प्रस्तावहरु</u>**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धम◌ा ।
२. गाउँ सभाको हिउँदे अधिवेदनको मिति तय सम्बन्धमा ।
३. रकमान्तर तथा शिर्षकान्तर सम्बन्धमा ।
४. पाँचथर गोल्डकपमा आर्थिक सहयता सम्बन्धमा ।
५. शसर्त अन्तरगतको सुरक्षित नागरिक आवासको प्रतिवडा लाभग्राही संख्या निर्धारण सम्बन्धमा ।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**तपसिलः**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | - | २०८१-१०-२८, २०८१।११।०६ तथा ११ गते | श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | मन्त्रिपरिषदको निर्णय | जानकारी प्राप्त |
| २. | १२९ | २०८१-१०-२८ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद समन्वय शाखा) | सुख्खा मौसममा आवश्यक सतर्कता अपनाउने सम्बन्धमा। | कार्यान्वयन गर्ने। |
| ३. | २०९ | २०८११-१-०५ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सुझाब कार्यान्यवन गर्ने सम्बन्धमा। | कार्यान्ववयन गर्ने। |
| ४. | १३० | २०८१-११-०६ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद समन्वय शाखा) | आवश्यक कार्यार्थ सम्बन्धमा। | आवश्यक कार्य गर्ने। |
| ५. | ८७ | २०८१-११-११ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्ालय (सामाजिक समावेशीकरण शाखा) | सिफारिस कार्यान्वयन सम्बन्धमा। | कार्यान्वयन गर्ने। |

**निर्णय नं. - २**

चालू आ.व. २०८१/०८२ को हिलिहाङ गाउँपालिकाको हिउँदे अधिवेशन कोशी प्रदेश गाउँ सभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ परिच्छेद २ को दफा ३ बमोजिम मिति २०८१ फागुन २५ गते आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ३**

आन्तरिक श्रोत तर्फ आ.व. २०८०।०८१ मा बैंक मौज्दात (अल्या) मध्येबाट बाँकी रहेको रु २०७९४०००।०० को कार्यक्रमहरु बनाउने र आ. व. २०८१।०८२ को बार्षिक कार्यक्रमहरुमा कुनै शिर्षक, श्रोत वा कार्यक्रम संशोधन गर्नुपर्ने भएमा वडा समितिको निर्णय सहित आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ४**

पाँचथर जिल्ला फिदिममा सञ्चालित पाँचथर क्लबको आयोजनामा मिति २०८१/११/२४ देखि ०२ गतेसम्म सञ्चालन हुने "पाँचौ पाँचथर गोल्डकप फुटबल प्रतियोगिता २०८१" पाँचथर फुटबल क्लबले निवेदन पेश गरेको विषयमा व्यापक छलफल हुँदा हिलिहाङ गाउँपालिका बाहिरको कुनै पनि खेलकुद प्रतियोगिता लगायत अन्य प्रतियोगिताहरूमा कुनै पनि आर्थिक सहयोग नगर्ने यस अघि नै सहमति भएको हुँदा सोहि बमोजिम उक्त फुलबल क्लबलाई आर्थिक सहयोग नगर्ने निर्णय गरियो ।

**निर्णय नं. - ५**

नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गतको सुरक्षित नागरिक आवास कार्यक्रमको लागि रु १७३३०००।०० विनियोजन भएकोमा सोको कार्यान्वयनका लागि हिउँदे अधिवेशनबाट रु १७०००।०० थप गरि प्रत्येक वडाहरुमा ५/५ वटाका दरले "सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ को दफा ४ बमोजिमका लाभग्राहीहरु छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।